REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETINS

BROADCAST 18.40HRS

DATE 13.05.2024

**लोकसभा 4 फेस**

लोकसभा चुनाउको चौथो तपणमा आज नौ राज्य र एक केन्द्रशासित प्रदेशका छ्यानब्बे सीटका लागि मतदान भयो।

यी मध्ये आन्ध्रप्रदेशका पच्चीस तेलेङ्गानाका सत्र, उत्तर प्रदेशका तेह्र, महाराष्ट्रका एघार, मध्यप्रदेश र पश्चिम बंगालका आठ आठ, बिहारका पाँच, झारखण्ड र ओडिसाका चार चार अनि जम्मू काश्मीरको एउटा सीट सामेल छन्।

चौथो चरणमा कुल एक हजार सात सय सत्रजना उम्मेदवारहरू चुनावी मैदानमा थिए।

**लोकसभा 5 फेस**

यसैबीच लोकसभा चुनाउको रहल तीन चरणका लागि प्रचार जोडतोड़ले भइरहेछ।

विभिन्न दलका वरिष्ठ नेताहरूले जनसभा र रोड शो गरिरहेछन्।

**पोस्टल बेल्लट गेजिङ**

यता राज्यमा सेवा मतदाताहरूका डाकमतपत्रहरू सम्वन्धित जिल्लामा पठाउने क्रम जारी छ।

गेजिङ जिल्लाले आज जम्मा पन्ध्रवटा डाक मतपत्रहरू प्राप्त गर्यो।
डाकघर अधिकृतद्वारा चुनाउ विभागका अधिकारीलाई हस्तान्तरण गरिएपछि यी मतपत्रहरू जिल्ला प्रशासनिक केन्द्र राब्देञ्ची स्थित इलेक्ट्रोनिक रूपमा प्रेषित डाक मतपत्र प्रणाली ईटीपिबिएस का लागि निर्धारित स्ट्रङ रूमा राखिएको छ।
यस अवसरमा विभिन्न राजनीतिक पार्टीका चुनाउ एजेन्टहरू पनि उपस्थित थिए।
जिल्लालाई आजसम्म सेवा मतदानहरूका जम्मा एकसय बाउन्न डाक मतपत्रहरू प्राप्त भएका छन ।

**बेल्टल पेपर नाम्ची**
नाम्ची जिल्ला प्रशासनिक केन्द्रमा पनि आज सेवा मतदाताहरूका डाक मतपत्रहरू प्राप्त गरियो।
नाम्चीकी जिल्ला निर्वाचन अधिकारी र ईटिपिबिएस नोडल अधिकारीले अठाइसवटा डाक मतपत्रहरूको संख्या तीन सय सैंतालिस पुगेको छ।
यी मतपत्रहरूलाई सम्वन्धित निर्वाचन क्षेत्रका रिटर्निङ अधिकारीहरूले अलग अलग छुट्याएर ईटिपिबिएस मतपेटीहरूमा सुरक्षित रूपमा राखेका छन्।

**पोस्टल बेल्लट सोरेङ**
सोरेङ जिल्लामा पनि आज सेवा मतदाताहरूका डाक मतपत्रहरू पुगेको रोपोर्ट छ।
सोरेङ डाकघर अधिकृतद्वारा सबै मतपत्रहरू नोडल अधिकारी श्रीमती रजनी पेगालाई हस्तान्तरण गरियो।
यस अवसरमा अतिरिक्त जिल्लाधीश तथा उप जिल्ला निर्वाचन अधिकारी श्री धीरज सुबेदी, जिल्ला प्रशासनिक केन्द्रका अधिकारीहरू र विभिन्न

राजानीतिक पार्टीहरूको प्रतिनिधित्व गर्ने चुनाउ एजेन्टहरूको उपस्थिती थियो।
यी मतपत्रहरूलाई जिल्ला प्रशासनिक केन्द्रमा स्थापना गरिएको स्ट्रङ रूममा राखिएको छ।
स्मरण रहोस् जिल्ला अधिनका चार समष्टिहरूमा गत सोह्र अप्रेलदेखि अहिलेसम्म गरी कुल एकसय पचास डाक मतपत्रहरू प्राप्त भइसकेका छन्।

## काउन्टिङ ट्रेनिङ

राज्यमा गत महीना उन्नाइस तारीकका दिन भएको  चुनाउका लागि मतगणनाको तयारी पनि  भइरहेछ।
गान्तोक जिल्ला प्रशासनिक केन्द्रको सम्मेलन हलमा आज सूक्ष्म पर्यवेक्षकहरूका निम्ति प्रशिक्षण आयोजन गरियो।
पहिलो दिनको प्रशिक्षणमा सोरेङका महकुमा अधिकारी तथा राज्य स्तरीय मास्टर ट्रेनर श्री सन्नी खरेलले पावर पोइन्ट प्रस्तुतीद्वारा इलेक्ट्रोनिक भोटिङ मशिन ईभिएम  गणना टेबल  अनि डाक मतपत्र र गृह मतदान गणना टेबलबारे जानकारी दिनुभयो।
यसै गरी राज्य स्तरीय मास्टर ट्रेनर श्री जिग्मी वाङचुक भुटियाले भिभिपेट गणना प्रक्रियाबारे अवगत गराउनुभयो।
विहान र दिँउसो प्रशिक्षण सत्रमा आज निनानब्बे जना मतगणना अधिकृतहरू सहभागी बने।

## ब्रिज रिपेर्यड

मंगन जिल्लाको जिल्लाधीश कार्यलयद्वारा आज जारी आदेश अनुसार टुङमा टिस्टा नदीको अस्थाई काठको पुल मंगन र चुङथाङवीच हलुका वाहनहरूका लागि मरम्मति गरिएको छ।

यसो हुँदा चुङथाङबाट मंगन र त्याहादेखि ओह्रालो जाने ट्याक्सीहरू लगायत हलुका वाहनहरूलाई एकतर्फी मार्गको रुपमा यो अस्थाई पुलको प्रयोग गर्ने अनुमति दिइएको छ।
यो पुल अनि टुङ र नागा वीचको सड़क त्यत्ति स्थिर नभएको हुनाले यस मार्गको प्रयोग गर्नेहरूले आफनै जोखिममा यातायात गर्नेपर्नेछ।
यो आदेश भोलि चौध मईदेखि प्रभावी हुनेछ।

## पद्मश्री अवार्ड

यस वर्षको प्रतिष्ठित पद्मश्री पुरस्कारले अलंकत श्री जोर्देन लेप्चालाई आज रम्फुमा भव्य स्वागत गरियो।
नयाँ दिल्लीमा हालै आयोजित समारहोमा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुको बाहुलीबाट पुरस्कार ग्रहण गरेपछि उहाँ आज सिक्किम फर्किनुभएको हो।
जंगुका कुशल शिल्पकार श्री लेप्चाले वगत पच्चीस वर्षदेखि बाँस शिल्पकला र पारम्परिक टोपी जनजातिको सांस्कृतिक विरासतको संरक्षण गर्ने दिशातर्फ उल्लेखनीय योगदान दिनुभएको छ।
उहाँको कठोर परिश्रम, समर्पण र अद्वितीय प्रतिभा प्रतिविम्वित हने कार्यकला सबैका लागि प्रेरणाको श्रोत हो।
स्वागत समारोहमा पाकिमका जिल्लाधीश श्री टाशी छोपेल, रम्फुका महकुमा अधिकारी श्री येण्डुप लेप्चा सिक्किम लेप्चा संघका सदस्यहरू र अन्य गन्यमान्य व्यक्तिहरू उपस्थित थिए।

## सिबिएसई XII

केन्द्रीय माध्यमिक शिक्षा बोर्ड सीबीएसईले आज दसौं र बाह्रौं श्रेणीको परीक्षाको परिणाम घोषित गरेको छ।

सीबीएसईले एउटा बयानमा भनेको छ- बाह्रौंश्रेणीमा कुल सतासी दशमलउ नौ आठ प्रतिशत छात्रहरू उत्तीर्ण भएका छन्।
यो प्रतिशत गत वर्षको तुलनामा शून्य दशमलउ छ प्रतिशत अधिक छ।
चौविस हजार भन्दा धेरै विद्यार्थीहरूले पन्चानब्बे प्रतिशत भन्दा अधिक अङ्क प्राप्त गरेका छन्।
छात्राहरूको उत्तीर्ण प्रतिशत छात्रहरूको तुलनामा छ दशमलउ चार शून्य प्रतिशत अधिक छ।

## सिबिएसई रिजल्ट

दशौं श्रेणीको बोर्ड परीक्षामा कुल उत्तीर्ण प्रतिशत तिरानब्बे दशमलउ छ शून्य रह्यो।
छात्राहरूको उत्ततीर्ण प्रतिशत चौरानब्बे दशमलउ सात पाँच छ भने छात्रहरूको ब्यानब्बे दशमलउ सात एक छ।